तुम्बेवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवा, पाँचथर
कोशी प्रदेश, नेपाल

प.स.०८०/०८१
च.नं.

मिति: २०८१/०१/०७
ने.सं.: ११४४ चौलाथ्व, शुक्रबार

## पुनः प्रस्ताव आह्वान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१/०१/०७ गते**

तुम्बेवा गाउँपालिका, पाँचथरको आ.व. २०८०/०८१ को कार्यक्रम अनुसार राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ बमोजिम विपन्न र एकल महिलालाई सीप, क्षमता र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिन, आर्थिक तथा सामाजिक अवसर र लाभ प्रदान गर्न निम्न कार्यकम सञ्चालन गर्नुपर्ने भएको हुदा योग्यता पुगेका संस्थाहरुले यो सूचना प्रकाशन भएको ७ दिन भित्र प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | कार्यक्रमको नाम | जम्मा लाभग्राही संख्या | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बाखापालन सम्बन्धी कार्यक्रम | २५ | ७,५०,०००।- | कार्यविधि बमोजिम रकम बाँडफाँट हुनेछ। |

**प्रस्तावनामा सम्लग्न हुनुपर्ने कागजात:**

१. संस्थाको विधान, परिचय, उद्येश्य, कार्य सञ्चालन प्रक्रिया, भौतिक तथा वित्तिय स्रोत सम्बन्धी विवरण,
२. प्रस्तावित व्यवसायको अवधारणा पत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण,
३. प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
४. अघिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
५. अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदन,
६. कालोसूचीमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्व.घोषणापत्र,
७. प्रस्ताव दर्ता संस्थाले विपन्न र एकल महिलाको आर्थिक उन्नती तथा सशक्तिकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ।

**रकम बाँडफाँट:-**

| क्र.स. | इकाई | परिमाण | दर रु. | जम्मा रकम रु. |
|---|---|---|---|---|
| १ | तालिम सञ्चालन वापत | २५ | ४,०००।- | १,००,०००।- |
| २ | व्यवसाय सञ्चालन खर्च अनुदान | २५ | २६,०००।- | ६,५०,०००।- |
| | **जम्मा** | **२५** | **३०,०००।-** | **७,५०,०००।-** |

**प्रस्तावनाको ढाँचा:-**

"राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन मापदण्ड, २०७७" को दफा १० को उपदफा १ सँग सम्बन्धित अनुसूची-२ बमोजिम पेश गर्नुहुन तथा पालिकामा सम्पर्क गर्नुहुन।

**प्रस्ताव बुझाउने स्थान तथा सम्पर्क नम्बर:-** तुम्बेवा गाउँ कार्यपालिकाको कार्यालय, मौवा ९८५२६२०१९८

२०८१/०१/०६

...........................
केशव कुमार थापा
नि. प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार थापा
नि. प्रमुख प्रशासकीय अधिकृत

जय तुम्बेवा